"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार; बहुसाँस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका

**DHARAN SUB-METROPOLITAN CITY**

नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

धरान, सुनसरी, कोशी प्रदेश, नेपाल

**Dharan, Sunsari, Koshi province, Nepal**

प.सं. २०८२/८३

चलानी नं. ४७००

मिति- २०८२/१२/०६

## विज्ञप्ती

जल तथा मौसम विज्ञान विभागबाट जारी मौसम पूर्वानुमानअनुसार भोली मिति २०८२ चैत्र ७ गते शनिवार पूर्वी क्षेत्रका विराटनगर, धनकुटा र धरान आसपासका जिल्लामा तीव्र हावाहुरी (झण्डै ११९ किलोमिटर प्रतिघण्टा) चल्ने सम्भावना रहेको जानकारी सार्वजनिक भएको सन्दर्भमा प्रि मनसुनको अवधि पनि रहेकोले तीव्र हावाहुरीका कारण रुख ढल्ने, कमजोर संरचना र छाना उड्ने, विद्युत तथा सञ्चार सेवा प्रभावित हुने लगायतका जोखिम रहेको छ।

धरान उपमहानगरपालिकामा बसोबास तथा यात्रा गर्ने नागरिकले विशेष सतर्कता अपनाउनु हुन, विशेष काम नपरी यात्रामा ननिस्कनु हुन, हावाहुरी चलेका बेला घरको झ्यालढोका राम्रोसँग बन्द गर्नु हुन, आगोका स्रोतहरु बन्द गर्नु हुन, सवारी साधन चलाइरहेको भए रोकेर सुरक्षित स्थानमा बस्नु हुन, भिडभाडमा भए नआत्तिन भागदौड नगरी बिस्तारै सुरक्षित स्थानमा जान धरान उपमहानगरपालिकाको कार्यालय सबैमा हार्दिक अनुरोध गर्दछ ।

हावाहुरी चलेका बेला कमजोर संरचना, अग्ला रुख, टेलिफोन र बिजुलीको खम्बा तथा तार मुनि नबस्नु हुन, बिजुलीको तार लत्रिएको छ भने नछुनु हुन, सो समयमा विद्युतीय उपकरण नचलाउनु हुन एवं जोखिमयुक्त स्थानमा नबस्नु हुन पनि आग्रह गर्दछौं

यसका साथै जल तथा मौसम विज्ञान विभागबाट जारी हुने मौसम सम्बन्धी पूर्वानुमानबाट जारी हुने सूचना नियमित रुपमा जानकारीमा राखी आवश्यक सतर्कता अपनाउनु हुन समेत सम्पूर्ण नगरबासीमा अनुरोध छ ।

हावाहुरीका कारण कुनै समस्या सृजना भएमा तपसिलका नम्बरहरुमा सम्पर्क गर्न हुन समेत अनुरोध गरिन्छ ।

का.वा. नगरप्रमुख, धरान उपमहानगरपालिका - मो.नं. ९८०७३१०५२४
प्रमुख प्रशासकीय अधिकृत, धरान उपमहानगरपालिका- मो.नं. ९८५२०७३१११
ईलाका प्रशासन कार्यालय, धरान (प्रमुख) मो.नं. ९८५२०७३२२२
ईलाका प्रहरी कार्यालय, धरान मो.नं. ९८५२०९०७५५ (प्रहरी उपरिक्षक)
शसस्त्र प्रहरी वल, धरान मो.नं. ९८५१०६३३४८ (शसस्त्र प्रहरी उपरिक्षक)
दमकल, धरान उपमहानगरपालिका मो.नं. ९८४२०३८२९९ (०२५-५७०१९९)
सुनसरी उधोग बाणिज्य संघ, अध्यक्ष मो.नं. ९८५२०४७४८५
सुनसरी रेडक्रस, मो.नं. ९८४२०३८५६२
स्वास्थ्य महाशाखा प्रमुख, धरान उपमहानगरपालिका, मो.नं. ९८५२६८१५१८

नि. प्रमुख प्रशासकीय अधिकृत

धरान उपमहानगरपालिका

नि. प्रमुख प्रशासकीय अधिकृत